बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७२

बैठक संख्या :५ /२०८३-२०८४

आज मिति २०८३।०६।३० गते बबई गाउँपालिकाका अध्यक्ष श्री कुल बहादुर खत्री क्षेत्रीको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठक निम्न सहभागीहरुको उपस्थितिमा निम्न बमोजिमको प्रस्तावहरुमा छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो।

क्र.स	पद	नाम,थर	दस्तखत
१	अध्यक्ष	श्री कुल बहादुर खत्री क्षेत्री	
२	उपाध्यक्ष	श्री बम कुमारी खड्का	
३	सचिव	श्री जोखिम वली	
४	वडाध्यक्ष वडा नं.७ तथा प्रवक्ता	श्री तिलकराम भण्डारी	
५	वडाध्यक्ष वडा नं.१	श्री प्रेम बहादुर डाँगी	
६	वडाध्यक्ष वडा नं.२	श्री टेक बहादुर वली	
७	वडाध्यक्ष वडा नं.३	श्री मान बहादुर केसी	
८	वडाध्यक्ष वडा नं.४	श्री टेक बहादुर वली	
९	वडाध्यक्ष वडा नं.५	श्री हर्क बहादुर श्रीस मगर	
१०	वडाध्यक्ष वडा नं.६	श्री राजेन्द्र विक्रम शाह	
११	कार्यपालिका सदस्य	श्री भिमा कुमारी बुढा	
१२	कार्यपालिका सदस्य	श्री शान्ति परियार	
१३	कार्यपालिका सदस्य	श्री नोखी डाँगी	
१४	कार्यपालिका सदस्य	श्री सावित्रा सुनार	
१५	कार्यपालिका सदस्य	श्री नारायण परियार	
१६	कार्यपालिका सदस्य	श्री मोतिसरा वि. क	

सहजिकरण

क्र.स	पद	नाम,थर	दस्तखत
१	सूचना प्रविधि अधिकृत	एकोत्तम अधिकारी	

मिति २०८३।०६।३० गतेको बबई गाउँकार्यपालिकाको बैठकमा बबई गाउँपालिका (कार्यसम्पादन) नियमावली २०७४ को नियम ७ को उपनियम (१) (३) तथा नियम ८ को उपनियम (३) वमोजिम प्रमुख प्रशासकीय अधिकृतवाट प्रस्तुत गरिएको प्रस्तावहरुः

मिति २०८३/०६/३० गते वसेको गाउँकार्यपालिकाको पाँचौ वैठकका निर्णयहरु

प्रस्तावहरु

१. शहरी सडक स्तरोन्नती, मर्मत तथा सडक सुरक्षा कार्यान्वयन, कार्यविधि-२०८३ वमोजिम आयोजना छनौट सम्वन्धमा।
२. निर्मित गुरुयोजनाको आधारमा विद्यालयको भैतिक पुर्वाधार मर्मत गर्ने सम्वन्धमा ।
३. सामुदायिक विद्यालयको स्तरोन्नती सम्वन्धमा ।
४. विद्युत विस्तार योजना कार्यान्वयन सम्वन्धमा ।
५. पालिकाको संघ संस्था साझेदारी अन्तर्गत योजना तथा कार्यक्रम छनौट सम्वन्धमा।
६. हापुरे वजार व्यवस्थापन सम्वन्धमा।
७. निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्वन्धमा।
८. भुक्तानी सम्वन्धमा ।
९. मौलो पुजाका लागि सहयोग सम्वन्धमा।
१०. जिन्सी मालसामान लिलाम/मिन्हा सम्वन्धमा ।
११. रोजगार संयोजकको पदपूर्ती सम्वन्धमा।
१२. कर्मचारी व्यवस्थापन सम्वन्धमा।

निर्णय नं १

शहरी सडक स्तरोन्नती मर्मत तथा सडक सुरक्षा कार्यान्वयन कार्यविधि-२०८३ अनुसार बबई गाउँपालिकाका तपसिलका योजनाहरु छनौट गरि सङ्घीय शहरी विकास तथा भवन निर्माण कार्यालय घोराहीमा पठाउने

तपसिलः

१. बबई चक्रपथ अन्तर्गत खिलतपुर देखि सुन्दरखाल हुँदै घट्टेखोला सम्म सडक स्तरोन्नती वडा नं ६, ४ र ३
२. बबई चक्रपथ अन्तर्गत ढोलपुर कृष्णपुर हुरुम हुँदै जलुके सम्म सडक स्तरोन्नती वडा नं ७ र ५
३. बबई चक्रपथ अन्तर्गत जलुके बबरपुर सितापुर हुँदै घट्टेखोला सम्म सडक स्तरोन्नती वडा नं ५ र २
४. चनटिया वेलवार हुँदै टिकुलिगैरा जाने सडक वडा नं ६
५. बगाले देखि वडा नं २ को कार्यालय जोड्ने सडक
६. बबई मार्ग वडा नं ५

निर्णय नं २

जगदिश चन्द्र
प्रमुख प्रशासकीय अधिकृत

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७२

निर्मित गुरुयोजनाको आधारमा नेपाल सरकार सँङ्घीय अनुदान पुँजिगत शिर्षक अन्तर्गतको रु २७ लाख ५० हजार वजेटवाट कार्यान्वयन कार्यविधि अनुरुप सम्भाव्यताका आधारमा जनकल्याण आधारभूत विद्यालय भाङ्गावारीमा भवन निर्माण गर्ने वा नेपाल राष्ट्रिय आधाभूत विद्यालय वैसेरीमा २ कोठे भवन निर्माण गर्ने

<u>निर्णय नं ३</u>

बबई गाउँपालिकाको आ.व. २०८३/८४ को क्र.स. २४८ अन्तर्गत विनियोजित सामुदायिक विद्यालयहरुको भैतिक संरचना स्तरोन्नती शिर्षकवाट तपसिल वमोजिमका सामुदायिक विद्यालयहरुमा तपसिल अनुसारको स्तरोन्नती गर्ने

तपसिलः

१. जनश्रम सरस्वती प्रा वि जौवारी २ कोठे तला थप अनुमानित ९ लाख
२. भानुभक्त माध्यमिक विद्यालय टिनका पाता फेर्ने अनुमानित ४ लाख
३. सिद्धेश्वरी आ वि सिमलकुना स्तरोन्नती अनुमानित ४ लाख
४. सिद्धगणेश प्रा वि सुन्दरखालमा खानेपानी व्यवस्थापन अनुमानित ४ लाख
५. जनता मा वि ववरपुर खानेपानी व्यवस्थापन अनुमानित ४ लाख
६. विजयनेटा विद्यालयमा खानेपानी व्यवस्थापन अनुमानित २ लाख
७. जनकल्याण आधारभूत विद्यालय भाङ्गावारी स्तरोन्नती अनुमानित ३ लाख

<u>निर्णय नं ४</u>

बबई गाउँपालिकाका विद्युत विस्तार भएका २, ३, ४ र ६ नं वडाका ठाउँहरुको सम्वन्धित वडा अध्यक्षसँग सम्वन्य गरी प्राविधिक लागत अनुमान तयार गरी ठेक्का आह्वान गर्ने ।

<u>निर्णय नं ५</u>

बबई गाउँपालिकाको आ.व. २०८३/८४ को क्र.स. ६९ अन्तर्गत विनियोजित विभिन्न संघसंस्थासँग साझेदारीको रु २६ लाख ४६ हजार वजेट रकमवाट देहायका अनुमानित रकम अनुसार संघसंस्थासँग साझेदारी गरि योजनाहरु कार्यान्वयन गर्ने

तपसिलः

१. सिद्धेश्वरी मन्दिर निर्माण बबई ५ हापुरे रु ५ लाख
२. चिसापानी खानेपानी तथा सरसफाई समिति खानेपानी व्यवस्थापन साझेदारी रु १० लाख
३. प्रगतिनगर भित्री सडक स्तरोन्नती रु ८ लाख
४. सुधारिएको चुलो साझेदारी रु ३ लाख ४६ हजार

<u>निर्णय नं ६</u>

जोखिम वर्ता
प्रमुख प्रशासकीय अधिकृत

बबई गाउँपालिकाको आ व २०८३/८४ को क्र स ९३ शिर्षक हापुरे वजार व्यवस्थापन अन्तर्गत रु ५ लाख वजेटवाट हापुरे वजार क्षेत्र सुर्खेत रोडको दाँया वाँयामा सडक वत्ती विस्तार गर्ने।

निर्णय नं ७

बबई गाउँपालिकाको आ व २०८३/८४ को निर्मित सार्वजनिक सम्पतिको मर्मत सुधार शिर्षकवाट तत्काल दुवै प्रशासनिक भवनको ट्वाइलेट र वाथरुम मर्मत तथा कोलिया र भन्याङमा टायल लगाउने

निर्णय नं ८

बबई गाउँपालिकावाट सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालको मिति २०८३/०६/०२ गते पत्रानुसार सामुदायिक विद्यालय व्यवस्थापन समिति लुम्विनि प्रदेश सम्मेलनमा प्रतिनिधिको रुपमा खटाइएका जनता मा वि हंसपुरका वि.व्य. स अध्यक्ष श्री चिन्तामनि शर्मा र जनकल्याण मा वि पदमपुरका वि.व्य. स अध्यक्ष श्री शिव प्रसाद भण्डारीलाई जनही दैनिक १५०० का दरले ४ दिनको भ्रमण खर्च जम्मा ४८७५ र आतेजाते भाडा १७०० र भुटकर खर्च १००० गरि जम्मा रु ७५७५ र प्रगतशिल प्रा वि पूर्व हापुरेका वि.व्य. स अध्यक्ष श्री डिला बुढा दैनिक १२०० का दरले ४ दिनको भ्रमण खर्च जम्मा ३९०० र आतेजाते भाडा १७०० र भुटकर खर्च १००० गरि जम्मा रु ६६०० रकम भुक्तानी दिने

निर्णय नं ९

यस बबई गाउँपालिका क्षेत्रभित्र रहेका इलाका प्रहरी कार्यालय खिलतपुर, इलाका प्रहरी कार्यालय हापुरे, प्रहरी चौकी पुरन्धारा र अस्थायी प्रहरी चौकी गंगटेले वडा दशैको अवसरमा परम्परारुपमा चल्दै आएको मौलो पुजा कार्यक्रमलाई व्यवस्थित मर्यादित वनाउन सामाग्रीहरुको व्यवस्थापनको लागि आर्थिक सहयोग माग गरेकोमा तपसिल वमोजिम रकम तत् तत् निकायमा कार्यरत प्रहरी कर्मचारीको खातामा रकम जम्मा गरिदिने

१. इ प्र का खिलतपुरका लागि रु १० हजार
२. इ प्र का हापुरेका लागि रु १० हजार,
३. प्रहरी चौकी पुरन्धाराका लागि रु ८ हजार
४. अस्थायी प्रहरी चौकी गंगटेका लागि रु ८ हजार

निर्णय नं १०

मिति २०८२ भाद्र २३ गतेका दिन जेन्जी आन्दोलनको क्रममा यस बबई गाउँपालिकाको कार्यालय, ४ नं वडा कार्यालय र ५ नं वडा कार्यालयमा तोडफोड र आगजनी भई भैतिक सम्पतिको क्षति भएको हुँदा इलाका प्रहरी कार्यालय खितलपुरको मिति २०८२/०६/०७ गते च.नं ८८ मिति २०८२/०६/१० गतेको च.नं ९३ र सोहि मितिकै च.न ९४ को पत्रसाथ पेश भएको सर्जमिन

जोखिम वली
प्रमुख प्रशासकीय अधिकृत

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बापुरे, वाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रहरी मुचुल्काका प्रतिवेदनमा उल्लेखित जिन्सी मालसामानको नियामानुसार मालसामानको प्रकृति र क्षति अनुसार जिन्सी मिनाहा र लिलाम विक्रि गर्ने।

निर्णय नं ११

बबई गाउँपालिकाको रोजगार सिप तथा उद्यमशिलता केन्द्रमा रोजगार संयोजकका रुपमा कार्यरत श्री तेजेन्द्र भण्डारीले आफु कार्यरत रहेको पदवाट राजिनामा दिई स्वीकृत समेत भइसकेको हुँदा उक्त रिक्त पदमा नियमानुसार पदपूर्ती गर्ने ।

निर्णय नं १२

बबई गाउँपालिकाको वडा नं ७ मा रहेको आधारभुत स्वास्थ्य इकाई केन्द्र मलैमा कार्यरत अ.न.मि श्री स्वर्णीमा विश्वकर्मालाई बबई आधारभूत अस्पतालमा सरुवा गर्ने र उक्त स्थानमा रिक्त हुने पदमा प्रचलित कानुन अनुसार पदपूर्ती गर्ने।

सौहार्दतापूर्ण वातावरणमा सर्वसम्मत निर्णय गदै आजको बैठक सम्पन्न भयो ।

जोखिम बली
प्रमुख प्रशासकीय अधिकृत